श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२५ सालको ऐन नं. २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### विमा सम्बन्धी कानूनको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– विमा व्यवसायलाई व्यवस्थित र नियमित गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "विमा ऐन, २०२५" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकि दिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको विमा समितिलाई सम्झनु पर्छ ।

(ख) "विमक" भन्नाले दफा ४ बमोजिम दर्ता भएको संगठित संस्थालाई सम्झनु पर्छ ।

(ग) "विमा व्यवसाय" भन्नाले जीवन विमा व्यवसाय वा निर्जिवन विमा व्यवसायलाई सम्झनु पर्छ र यस शब्दले पुनर्बीमा समेतलाई जनाउँछ ।

(घ) "जीवन विमा व्यवसाय" भन्नाले कुनै खास रकम तिरेमा कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको मृत्यु भएको अवस्थामा वा निजको आयुको आधारमा किस्ताबन्दी बुझाउने गरी कुनै खास रकम तिरेमा निजले वा निजको हकदारले कुनै खास रकम पाउने गरी गरिने करार सम्बन्धी व्यवसाय सम्झनु पर्छ ।

(ङ) "निर्जीवन विमा व्यवसाय" भन्नाले जीवन विमा व्यवसाय बाहेक अरू सबै विमा व्यवसायलाई सम्झनु पर्छ ।

(च) "विमा लेख" भन्नाले विमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख गरिएको लिखतलाई सम्झनु पर्छ ।

(छ) "विमांकी" भन्नाले विमा व्यवसायमा भएको दायित्वको निर्धारण तथा गणना गर्नेको लागि विमकद्वारा नियुक्त गरिने तोकिए बमोजिम योग्यता भएको व्यक्तिलाई सम्झनु पर्छ ।

(ज) "विमा अभिकर्ता" भन्नाले दफा ८ बमोजिम इजाजतपत्र प्राप्त विमा अभिकर्तालाई सम्झनु पर्छ ।

(झ) "लेखा परीक्षक" भन्नाले प्रचलित कानून बमोजिम लेखा परीक्षण गर्न प्रमाण पत्र प्राप्त लेखा परीक्षकलाई सम्झनु पर्छ ।

(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. समितिको गठनः– (१) विमा व्यवसायको व्यवस्था तथा नियन्त्रणको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अध्यक्ष सहित बढीमा ५ जना सदस्य भएको एक विमा समिति गठन गर्न सक्ने छ ।

(२) उप-दफा (१) बमोजिम गठित समितिको अध्यक्ष वा सदस्यको पदावधी निजको नियुक्ति भएको मितिले ३ वर्षको हुनेछ र निजको पदावधी समाप्त भएमा श्री५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को सरकारले निजलाई पुनः नियुक्ति गर्न सक्ने छ। निजको पारिश्रमिक श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ ।

४. विमकको दर्ताः– (१) यो ऐन प्रारम्भ भए पछि संगठित संस्था बाहेक अरू कुनै व्यक्तिले विमाको व्यवसाय गर्न गराउनु हुँदैन ।

(२) विमक हुन चाहने संगठित संस्थाले समितिको कार्यालयमा विमककोरूपमा आफ्नो नाम दर्ता गर्न तोकिएको ढांचामा देहायका कागजात संलग्न राखी तोकिएको दस्तूर सहित निवेदन–पत्र दिनु पर्छ :—

(क) आफ्नो संगठित संस्थाको नियमावली,

(ख) आफूले गर्न खोजेको विमा व्यवसाय, त्यस्को नीति र शर्तहरू,

(ग) जीवन विमा व्यवसाय गर्दा लिइने रकम र दायित्वको हिसाब देखाइएको लिखत,

(घ) विमा बापत प्राप्त हुन आएको रकम उपयोग गर्ने तरीका बारेको लिखत र,

(ङ) समितिले तोकेको अरू आवश्यक कागजातहरू ।

(३) उप-दफा (२) बमोजिम निवेदन--पत्र पर्न आए सो उपर समितिले विचार गर्दा विमककोरूपमा दर्ता गर्न ठीक ठहऱ्याएमा सम्बन्धित निवेदकलाई दर्ता किताबमा दर्ता गरी तोकिएको ढांचामा प्रमाण-पत्र दिनेछ ।

(४) उप-दफा (३) बमोजिम समितिले विमककोरूपमा दर्ता गर्न छुट्टा छुट्टै विमा व्यवसाय गर्ने विमकको लागि छुट्टा छुट्टै दर्ता किताब राख्नु पर्छ ।

(५) उप-दफा (३) बमोजिम प्रमाणपत्र प्राप्त नगरी कुनै पनि स्वदेशी वा बिदेशी संगठित संस्थाले विमा व्यवसाय गर्न गराउनु हुँदैन ।

(६) यो ऐन प्रारम्भ हुनु अगावै विमा व्यवसाय सम्बन्धी काम गरी आएको कुनै स्वदेशी वा विदेशी संगठित संस्थाले यो ऐन प्रारम्भ भएका मितिले ६ महीनाभित्र समितिको कार्यालयमा दर्ता गराई सक्नु पर्छ ।

५. विमकको दर्ताको नविकरणः– (१) कुनै विमकले आफ्नो दर्ताको प्रमाणपत्र नविकरणको लागि प्रत्येक वर्ष चैत्र मसान्तसम्ममा तोकिएको दस्तूर सहित तोकिएको ढांचामा समितिको कार्यालयमा निवेदन दिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिम निवेदन प्राप्त भए पछि समितिले विमकलाई दर्ताको नविकरण गरी दिनु पर्छ ।

६. दर्ता हुन नसक्नेः– दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्वदेशी वा विदेशी संगठित संस्था देहायका अवस्थामा विमककोरूपमा दर्ता हुन सक्ने छैनः–

(क) दर्ता भइसकेको विमकको नामसंग मिल्ने गरी अर्को विमकको नाम दर्ता गर्न आएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०

(ख) घटीमा रू. बीस लाख वा सो बराबरको विदेशी मुद्रामा भुक्तानी पूंजी नभएमा,

तर, यो ऐन प्रारम्भ हुन अगावै विमा व्यवसाय सम्बन्धी काम गरी आएका संगठित संस्थालाई यो खण्ड लागू हुने छैन ।

७. विमकको दर्ता खारेजीः– (१) देहायको अवस्थामा औचित्यको दृष्टिकोणबाट समितिले विमकलाई लिखित सूचना दिई सोही सूचनामा तोकेको मितिदेखि लागू हुने गरी दर्ता स्थगित वा खारेज गर्न सक्नेछः–

(क) दफा ४ को उप-दफा (३) बमोजिम प्रमाण-पत्र प्राप्त गरेको मितिले ६ महीनाभित्र विमा व्यवसाय शुरू नगरेमा, वा

(ख) विमकको दायित्व निजको सम्पत्ति भन्दा बढी छ भन्ने लागेमा, वा

(ग) विमकले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू वखिलाप कुनै काम कुरा गरेमा, वा

(घ) नेपाल अधिराज्यभित्र जारी गरिएको विमा लेख अन्तर्गत मुद्दा मामिला परी अधिकार प्राप्त अदालतबाट अन्तिम किनारा भएको ३ महीना पछि पनि कुनै विमकले फैसला बमोजिमको दायित्व पूरा नगरेमा, वा

(ङ) कुनै विदेशी विमकको विमा व्यवसायको मुख्य ठाउँ नेपाल अधिराज्य बाहिर भएमा जुन मुलुकमा निजको मुख्य विमा व्यवसाय छ सो मुलुकको कानून अन्तर्गत निजले पाए सरहको सुविधा नेपाली विमकले सो मुलुकमा पाएको छैन भन्ने लागेमा, वा

(च) विमकले नेपाल अधिराज्य भित्र आफ्नो कार्यालय नखोलेमा ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विमकको खारेजीको कारणले खारेजी हुनु भन्दा अघि गरेको कुनै काम कारवाईको दायित्वमा असर पार्ने छैन ।

८. विमा अभिकर्ताको दर्ताः– (१) विमा व्यवसायको अभिकर्ताकोरूपमा काम गर्न चाहने व्यक्तिले तोकिएको दस्तूर सहित निवेदनपत्र समितिको कार्यालयमा दिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिम निवेदन दिने व्यक्तिलाई विमा व्यवसायको निमित्त अभिकर्ता बनाउन हुने नहुने ठहर गरी हुने भएमा अभिकर्ताकोरूपमा काम गर्न तोकिएको ढांचामा इजाजतपत्र दिनु पर्छ ।

(३) यो ऐन प्रारम्भ भएपछि उप-दफा (२) बमोजिम इजाजतपत्र नलिई कसैले पनि विमा व्यवसायको अभिकर्ता भई काम गर्न हुँदैन ।

(४) यो ऐन प्रारम्भ हुनु अगावै नेपाल अधिराज्यभित्र विमा व्यवसाय सम्बन्धी काम गरी आएको अभिकर्ताले यो ऐन प्रारम्भ भएको मितिले ६ महीनाभित्र इजाजतपत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८१

लिई सक्नु पर्छ ।

(५) विमा व्यवसायको अभिकर्ताकोरूपमा एकै साथ दुई वा दुई भन्दा बढी विमक-को काम गर्न चाहेमा उप-दफा (१) बमोजिम छुट्टा छुट्टै निवेदन-पत्र दिनु पर्छ ।

(६) उप-दफा (२) बमोजिम प्राप्त इजाजत-पत्र कुनै कारणले अगावै खारेज भएकोमा बाहेक सो दिइएको मितिले २ वर्षसम्म बहाल रहने छ ।

(७) उप-दफा (२) बमोजिम प्राप्त इजाजतपत्रको म्याद भुक्तान हुने एक महीना अगावै नविकरणको लागि तोकिएको दस्तूर सहित समितिको कार्यालयमा निवेदनपत्र दिनु पर्छ ।

९. विमा अभिकर्ताको अयोग्यताः– (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि व्यक्ति देहायको अवस्थामा विमा अभिकर्ता हुन सक्ने छैनः–

(क) नाबालख भएको, वा

(ख) मगज बिग्रेको वा पागल भएको, वा

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको, वा

(घ) कुनै प्रकारको चोरी वा ठगी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा

(ङ) विमा व्यवसाय सम्बन्धी काम गर्दा विमक वा विमा लेख लिनेको विरूद्ध हानी नोक्सानी हुने काम गरे गराएको प्रमाणित भएको ।

(२) विमा अभिकर्ता संगठित संस्था भए सो संस्थाको सञ्चालकमा पनि उप-दफा (१) मा लेखिएको कुनै अयोग्यता भएको हुनु हुँदैन ।

१०. विमा अभिकर्ताको खारेजीः– कुनै विमा अभिकर्ताले विमा लेख लिनेको हितको विरूद्ध वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको वर्खिलाप काम गरेको छ भन्ने समितिलाई लागेमा त्यस्तो अभिकर्तालाई समितिले लिखित सूचना दिई स्थगन वा खारेज गर्न सक्ने छ ।

११. सञ्चालकलाई ऋण जमानत तथा सुरक्षण दिन नहुनेः–विमकले आफ्नो संस्थाको सञ्चालक वा कर्मचारी वा निजको परिवारहरूलाई ऋण दिन वा कसैले ऋण दिंदा कुनै किसिमको जमानत वा सुरक्षण दिन हुँदैन ।

तर, विमकले जारी गरेको विमा लेखको सरेण्डरभ्यालुसम्म दिएको ऋणबारे यो दफा लागू हुनेछैन ।

१२. सूचना दिनु पर्नेः– विमकले आफ्नो सञ्चालक वा कर्मचारी वा निजहरूको परिवारसंग कारोवार गरेमा निजले त्यस्को सूचना समितिलाई दिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. विमकले कानूनी प्रतिनिधि राख्नु पर्नेः– विमकले नेपाल अधिराज्यभित्र स्थापित गरेको मुख्य कार्यालयमा एउटा कानूनी प्रतिनिधि राख्नु पर्नेछ ।

१४. खारेजी पछि बिमाको दावीको भुक्तानीः– दफा ७ बमोजिम दर्ता खारेजीको कारणले विघटन भएको कुनै विमकले बिमा बापत प्राप्त रकम बिमा समितिले तोकेको अवधिभित्र र तोके बमोजिमको तरीकाले तथा जीवन बिमाको सम्बन्धमा तोके बमोजिमको ब्याज सहित साँवा र निर्जीवन बिमाको सम्बन्धमा दामासाहीले तोकेको साँवाको रकम बीमा लेख लिएको व्यक्ति वा समितिलाई फिर्ता गर्नु पर्दछ ।

१५. इच्छाएको व्यक्तिले पाउनेः– (१) कुनै जीवन बिमा लेखको अवधि समाप्त हुनु अगावै सो बिमा लेख लिने व्यक्तिको मृत्यु भएमा बिमालेख अनुसारको रकम निजले आपनो बिमा लेखमा इच्छाइएको व्यक्तिले पाउने छ । निजले कसैलाई इच्छाएको रहेन छ वा इच्छाएको व्यक्तिको मृत्यु भएमा निजको देहाएको नाता पर्ने आश्रितहरूमध्ये क्रमानुसार जुन अघिल्लो जीवित रहन्छ उसैले पाउने छः–

(क) पति वा पत्नी,
(ख) अविवाहिता छोरा छोरीहरूमा बराबर हिस्सामा,
(ग) बाबु आमा,
(घ) अविवाहित भाइहरूमा बराबर हिस्सामा,
(ङ) अविवाहित बहिनीहरूमा बराबर हिस्सामा,
(च) विवाहित छोराहरूमा बराबर हिस्सामा,
(छ) छोराको विधवा पत्नी,
(ज) मृत छोराको छोरा छोरीहरूमा बराबर हिस्सामा,
(झ) बाबुपट्टिको बाजे बजै ।

(२) उप-दफा १ बमोजिम इच्छाइएको व्यक्तिको मृत्यु भएमा वा इच्छाइएको व्यक्ति बदलन चाहेमा बिमालेख लिनेले अर्को व्यक्तिलाई इच्छाउन सम्बन्धित विमककाहाँ लेखी पठाएमा विमकले लेखी आए बमोजिम गरी त्यसको लिखित सूचना बिमा लेख लिनेलाई दिनुपर्छ ।

१६. विमकको कर्मचारी वा बिमा अभिकर्ताले गरेको कसूरको दायित्वः– विमकको कर्मचारी वा बिमा अभिकर्ताले बिमालेख लिनेहरूको हितको बिरूद्ध काम गरी निजलाई नोक्सान पुऱ्याएमा सो नोक्सानीको क्षतिपूर्ति बिमकले व्यहोर्नु पर्नेछ ।

१७. लिक्विडेटरको नियुक्तिः– कुनै विमक दफा ७ अन्तर्गत दर्ता खारेजीको कारणले विघटन भएमा श्री ५ को सरकारले लिक्विडेटर नियुक्ति गर्न सक्नेछ । त्यसरी नियुक्ति भएको लिक्विडेटरको अधिकार एवं कर्तव्य कम्पनी ऐन, २०२१ अन्तर्गतको सरकारी लिक्विडेटर सरह हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. विमकको हिसाव किताव र स्रेस्ताः— (१) प्रत्येक बिमकले आफ्नो हिसाव किताबको स्रेस्ता नेपालीमा रीतपूर्वक खडा गरी राख्नुपर्छ। बिमकले आफ्नो सुविधाको लागि नेपालीको साथै अंग्रेजीमा पनि स्रेस्ता राख्नु हुन्छ। तर सो बमोजिम दुईटा स्रेस्ता राखिएकोमा नेपालीमा राखिएको स्रेस्ता नै प्रमाणित मानिने छ।

(२) उप-दफा (१) बमोजिम राखिएको स्रेस्तामा बिमकको काम कारवाईको वास्तविक स्थिति यथार्थ थाहा हुने गरी बिमकको प्रत्येक आम्दानी खर्चको व्यहोरा बिमकको जायज्यथा र दायित्वको बिस्तृत विवरण स्पष्टरूपमा खोली लेखिएको हुनुपर्छ।

१९. बेग्लै हिसाव राख्नु पर्नेः— (१) कुनै बिमकले बिमा व्यवसायको साथसाथै अन्य कुनै व्यवसाय गरेमा त्यस्तो बिमकले बिमा व्यवसाय सम्बन्धी हिसाव किताव बेग्लै राख्नु पर्छ।

(२) जीवन बिमा तथा निर्जीवन बिमा व्यवसाय गर्ने बिमकले प्रत्येक बिमा व्यवसाय सम्बन्धी हिसाव किताव बेग्लाबेग्लै राख्नु पर्छ।

२०. बिमाङ्कीद्वारा मूल्याङ्कन गराउनेः— जीवन बिमा व्यवसाय गर्ने बिमकले कुनै बिमाङ्कीद्वारा घटीमा ५ वर्षको एक पटक आफ्नो आर्थिक स्थितिको लेखा जोखा र दायित्वको मूल्याङ्कन गराउनु पर्छ र यस सम्बन्धमा बिमाङ्कीले पेश गरेको प्रतिवेदनको एक प्रति बिमा समितिमा पठाउनु पर्छ।

२१. वासलात पेश गर्नु पर्नेः— बिमकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महीनाभित्र बिमा सम्बन्धी आफ्नो सम्पूर्ण कारोबारको प्रकाशित वासलात बिमा समितिमा पेश गर्नुपर्छ।

२२. आम्दानीको हिसाव पेश गर्नु पर्नेः— बिमकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महीना भित्र बिमा समितिले तोके बमोजिमको ढाँचामा नेपाल अधिराज्यभित्र आफ्नो सम्पूर्ण बिमा व्यवसायबाट उठेको आम्दानीको हिसाव तैयार गरी बिमा समितिमा पेश गर्नुपर्छ।

२३. लेखा परीक्षणः— प्रत्येक बिमकले नेपाल अधिराज्यभित्रको आफ्नो सम्पूर्ण बिमा व्यवसायको र विदेशी बिमकले नेपाल अधिराज्यभित्र गरेको बिमा व्यवसायको हिसाव किताव लेखा परीक्षकद्वारा जँचाउनु पर्छ र त्यस्तो लेखा परीक्षणको प्रतिवेदनको एक प्रति बिमा समितिमा पठाउनु पर्छ।

२४. अनिवार्य जगेडा कोषः— प्रत्येक बिमकले नेपाल अधिराज्यभित्रको आफ्नो बिमा व्यवसाय सम्बन्धी दायित्वको निमित्त बिमा समितिले पर्याप्त ठहराए बमोजिमको जगेडा कोष नेपाल अधिराज्यभित्र खडा गरी राख्नु पर्छ।

२५. वार्षिक प्रतिवेदनः— समितिले यो ऐन बमोजिम काम कारवाई गरेको वार्षिक प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्नु पर्छ र साथै स्थानीय पत्र पत्रिकामा समेत प्रकाशित गराउनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. पुनरावेदनः– यो ऐन बमोजिम समितिले गरेको निर्णय उपर चित्त नबुझ्नेले सो निर्णय भएको मितिले ६० दिनभित्र अञ्चल अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

२७. दण्ड सजायः– (१) कुनै बिमक वा सञ्चालक, कर्मचारी वा अभिकर्ताले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा आदेश वा निर्देशनको जानी जानी अपहेलना वा उल्लंघन गरेमा वा आफूले गर्नुपर्ने कुनै काम कारवाई नगरेमा वा गर्नु नहुने कुनै काम कारवाई गरेमा त्यस्तो बिमक वा सञ्चालक, कर्मचारी वा अभिकर्तालाई रू. ५०००।– सम्म जरिवाना हुनेछ र यस्तो कसूर जारी नै भई रहेमा प्रत्येक दिनको रू. ५००।– का दर्ले थप जरिवाना हुनेछ ।

(२) कसैले जानी जानी वा बदनीयत साथ यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने हिसाव किताव खाता विवरण सूचना वा अन्य कुनै कागजात सो राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने समयमा राखेन, बनाएन, तयार गरेन वा पेश गरेन वा झूठा विवरण वा कागजात बनायो वा पेश गर्‍यो भने निजलाई २ वर्षसम्म कैद वा रू. २०,०००।– सम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(३) कुनै बिमक वा बिमा अभिकर्ताले यस ऐन बमोजिम पुर्‍याउनु पर्ने रीत नपुर्‍याई बिमा व्यवसाय गरेमा रू. १०,०००।– सम्म जरिवाना हुनेछ ।

(४) यस दफाको अन्य उप-दफाहरूमा जेसुकै लेखिएको भए तापनि प्रचलित नेपाल कानून बमोजिम व्यहोर्नुपर्ने दायित्वमा सो उप-दफाहरूमा लेखिएका कुराले प्रतिकूल असर पारेको मानिने छैन ।

२८. श्री ५ को सरकारको निर्देशन दिने अधिकारः– श्री ५ को सरकारले बिमा व्यवसायको हितको लागि समय समयमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

२९. म्याद थप गर्ने समितिको अधिकारः– दफा ५ को उप-दफा (१) दफा ८ को उप-दफा (७) दफा २१ र २२ अन्तर्गतको म्यादभित्र सो दफाहरू बमोजिम गर्नु पर्ने काम गर्न नसकेको कारण खूलाई निवेदन दिएमा सो कारण मनासिव देखेमा समितिले बढीमा १ महीनाको थप म्याद दिन सक्नेछ ।

३०. सोधपुछ र जाँचबुझ गर्ने समितिको अधिकारः– (१) समितिले बिमा लेख लिनेको हितको लागि वा अन्य कुनै मनासिव कारणले आवश्यक देखे कुनै बिमक वा बिमा अभिकर्तासंग बिमा वा बिमकले अन्य व्यवसाय गरेको भए सो व्यवसाय सम्बन्धी कुनै कुरा वा कागजात वा बिमकको बिमा व्यवसायको कारोवारको सोधपुछ वा जाँचबुझ पूर्ण वा आंशिकरूपले गर्न गराउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम सोध पुछ वा जाँच बुझ हुँदा मागिएको हिसाब किताब, स्याहा स्रेस्ता, अन्य कागजात, सूचना र सोधेको कुराको जवाफ तथा सहयोग दिनु बिमकका बहाल रहेका वा नरहेका सम्बन्धित सबै कर्मचारीको कर्तव्य हुनेछ।

(३) उप-दफा (१) बमोजिम सोध पुछ वा जाँच बुझ गराउँदा लागेको खर्च बिमा समितिले सम्बन्धित बिमकसंग भराउन सक्नेछ।

३१. नियम बनाउने अधिकारः– (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले समितिको सल्लाहलिई नियम बनाउन सक्नेछ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी श्री ५ को सरकारले खास गरी देहायका विषयहरूमा नियम बनाउनेछ :–

(क) जीवन बिमा र निर्जीवन बिमा सम्बन्धी बिमा लेखमा हुनु पर्ने विवरण, शर्त तथा सुविधाहरू,

(ख) बिमकको सम्पत्ति तथा साधनको उपयोग एवं लगानी गर्ने तरिका तथा शर्तहरू,

(ग) बिमांकीद्वारा मूल्यांकन गर्ने तरीका तथा आधार, र

(घ) बिमक तथा बिमा लेख लिनेको हितको संरक्षण सम्बन्धी अन्य विषयहरू।

३२. विनियम बनाउने अधिकारः– समितिको काम कुराहरूको उचित सम्पादनको निमित्त यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूको अधिनमा रही समितिले विनियमहरू बनाउन सक्नेछ र ती विनियमहरू श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन्।

३३. बचाउः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिए जति कुराहरूमा सोही बमोजिम र अरू कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

लालमोहर सदर मिति २०२५।७।९।६

आज्ञाले–
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको का. मु. सचिव।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।